# झिमरुक गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः-३ संख्याः-५ मितिः-२०७७/०५/२६

## भाग-२

# झिमरुक गाउँपालिका

## जनतासँग अध्यक्ष कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

**प्रस्तावना:** स्थानीय सरकारप्रति जनताको अपेक्षा र चाहनाको अभिबृद्धि संगै जनताका आधारभूत आवश्यकता परिपूर्ति गर्नेतर्फ स्थानीय सरकारले विविध कार्यक्रम संचालन गरिरहेको छ। झिमरुक गाउँपालिकाले जनताका समस्या, विकासका आवश्यकता, भोगिरहेका कठिनाईहरुलाई सहज, सरल र छिटो छरितो प्रभावकारीढंगले संचालन गर्नका लागि आफ्ना नीति तथा कार्यक्रमलाई जनमुखी वनाउदै लगेको छ । स्थानीय सरकार र जनता वीचको सम्बन्ध सुमधुर बनाउन जनतालाई स्थानीय सरकार प्रति विश्वास अभिबृद्धि गर्न तथा जनताको आशा र भरोसाको केन्द्रको रुपमा विकास गर्न, जनता र स्थानीय सरकार वीच आपसी समन्वय र सहकार्य वृद्धि गर्न झिमरुक गाउँपालिकाको गाउँ सभाबाट आर्थिक वर्ष २०७७/०७८ देखि जनतासँग अध्यक्ष कार्यक्रम स्विकृत भएकोले सो कार्यक्रमलाई पारदर्शी प्रभावकारी र जनतालाई प्रत्यक्ष फाइदा पुग्ने योजना/कार्यक्रम संचालन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी **"जनतासँग अध्यक्ष कार्यक्रम सञ्चालन कार्यविधि, २०७७"** तयार पारी लागु गर्न आवश्यक भएकाले यो कार्यविधि बनाई लागु गरिएको छ ।

**१. प्रारम्भिक** :-(क) संक्षिप्त नाम र प्रारम्भः- यो कार्यविधिको नाम "जनतासँग अध्यक्ष कार्यक्रम सञ्चालन कार्यविधि,२०७७ " रहेको छ ।

(ख) यो कार्यविधि झिमरुक गाउँपालिका गाउँ कार्यपालिकाले पारित गरेको मिति देखि प्रारम्भ हुने छ ।

**२.परिभाषाः- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

**(क) अध्यक्ष भन्नालेः-** झिमरुक गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्ने छ ।

**(ख) कार्यपालिका भन्नालेः-** झिमरुक गाँउ कार्यपालिकालाई सम्झनु पर्ने छ ।

**(ग) प्रमुख प्रशासकीय अधिकृत भन्नालेः-** झिमरुक गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्ने छ ।

**(घ) पूर्वाधार विकास समिति भन्नालेः-** झिमरुक गाउँपालिका गाउँ कार्यपालिकाले गठन गरेको **पूर्वाधार विकास** समितिलाई सम्झनु पर्ने छ ।

**(ङ) आर्थिक विकास समिति भन्नालेः-** झिमरुक गाउँपालिका गाउँ कार्यपालिकाले गठन गरेको **आर्थिक विकास** समितिलाई सम्झनु पर्ने छ ।

**(च) सामाजिक विकास समिति भन्नालेः-** झिमरुक गाउँपालिका गाउँ कार्यपालिकाले गठन गरेको **सामाजिक विकास** समितिलाई सम्झनु पर्नेछ ।

**(छ) उपभोक्ता समिति भन्नालेः-** आयोजना कार्यान्वयन स्थलका आयोजनबाट प्रत्यक्ष लाभान्वित समुदायबाट प्रचलिच कानुन वमोजिम छनौट भई आयोजना सम्पन्न गर्न गठन भएको जिम्मेवार समितिलाई सम्झनु पर्ने छ।

**(ज) अनुगमन समिति भन्नालेः-** यस कार्यविधिको दफा ६ बमोजिमको समिति सम्झनु पर्ने छ।

**३. आयोजना संचालन गरिने क्षेत्रहरु**

जनतासँग अध्यक्ष कार्यक्रमलाई प्रभावकारीढंगले संचालन गर्नका लागि झिमरुक गाउँपालिकाले तपसिल बमोजिमका विभिन्न क्षेत्रहरुको पहिचान गरी योजना/आयोजना/कार्यक्रम संचालन गर्न सक्ने छ ।

**(क) पूर्वाधार विकासः-** गाउँपालिका अन्तर्गत रहेका ग्रामिण सडक, कृषि सडक निर्माण तथा मर्मत, सामुदायिक विद्यालय भवन निर्माण तथा मर्मत, साना सिचाई निर्माण तथा मर्मत, झोलङगे पुल मर्मत,सार्वजनिक शौचालय निर्माण, सार्वजनिक भवन निर्माण तथा मर्मत सम्भार, घेरावार,विध्यालय भवन निर्माण, मर्मत ,घेरावार, रंगरोगन, खानेपानी आयोजना निर्माण तथा मर्मत, , तटवन्ध पहिरो नियन्त्रण आदि।

**(ख) आर्थिक विकासः-** झिमरुक गाउँपालिकामा कृषि, पशु, सहकारी क्षेत्रको विकासको सम्भावनाहरुलाई मध्यनजर गर्दै ती क्षेत्रको विकासका लागि कृषक समुह/सहकारी संस्थाहरुको मागको

आधारमा एकमुष्ट अनुदान कार्यक्रम ।पर्यटन क्षेत्रको पहिचान र विकासका लागि संभावित क्षेत्रमा पूर्वाधार निर्माण तथा सामाजिक सांस्कृतिक पहिचानको संरक्षण र सम्वर्धन गर्ने खालका आयोजनाहरु, सहकारी क्षेत्रको विकासका लागि सहकारी संस्थाको सुदृढीकरणका लागि अनुदान कार्यक्रमहरु,

**(ग)** गाउँपालिकाका अध्यक्षले पहिचान गरेका पूर्वाधार विकास तथा आर्थिक विकास अन्तर्गत पर्ने अन्य योजना तथा कार्यक्रमहरु

## ४. आयोजना छनौट विधि वा प्रक्रिया

**(क) आयोजना/कार्यक्रमका लागि वजेटको सुनिश्चितता:-** झिमरुक गाउँपालिकाको गाउँसभाबाट जनतासंग अध्यक्ष कार्यक्रम अन्तर्गत विनियोजन गरिएको बजेट रकम।

**(ख)** आयोजना/कार्यक्रम छनौटका लागि कार्यबिधिमा उल्लिखित आयोजना/कार्यक्रम संचालनका क्षेत्रहरुमा उल्लिखित विषयहरुलाई मध्यनजर गर्दै गाउँपालिका अध्यक्षले पहिचान गरेका, अनुगमनका क्रममा देखेका जनताका जरुरी माग सम्बन्धी निवेदन तथा अन्य आवश्यक ठानेका महत्वपूर्ण आयोजना/कार्यक्रमहरु र तत्कालै सम्बोधन गर्नुपर्ने जनताका अति आवश्यक आयोजना/कार्यक्रम छनौट गरिने छ ।

ग) यसरी छनौट गरेका आयोजना कार्यक्रमको लागि सोही कार्यक्रमा विनियोजित गरिएको बजेटबाट गाउँ कार्यपालिकाबाट निर्णय गराई सम्बन्धित योजना/कार्यक्रममा रकम छुट्याइने छ ।

**(घ) आयोजना/कार्यक्रम कार्यन्वयन विधि:-** आयोजना/कार्यक्रम छनौट पश्चात पारदर्शी र प्रभावकारी रुपमा आयोजना/कार्यक्रम कार्यन्वयन गर्नका लागि आवश्यक प्रकृया अवलम्वन गरिने छ ।

**(ङ) उपभोक्ता समिति मार्फत:-** निर्माण सम्बन्धी कार्यलाई उपभोक्ता समिति मार्फत गर्न सकिने छ। उपभोक्ता समितिबाट कार्यक्रम कार्यान्वयन गर्दा झिमरुक गाउँपालिकाले लागु गरेको स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यबस्थापन सम्बन्धी कार्यविधिका आधारमा गरिने छ ।

**(च) समूह मार्फत:-** वेरोजगारी अन्त्य गर्नका लागि बेरोजगार व्यक्तिहरु तथा स्वदेश तथा बैदाशिक रोजगारीबाट फर्किएका व्यक्तिहरु समेतले आपसमा मिली रु. एक लाखसम्मको आयोजना/कार्यक्रम समूह मार्फत गर्न सकिने छ ।

**(छ) एकमुष्ट अनुदान मार्फत:-** गाउँपालिका अध्यक्षले पहिचान गरी आवश्यकता ठानेका आयोजना/कार्यक्रम संचालनका क्षेत्रहरुमा उल्लिखित विषयमा बस्तुगत, यथार्थपरक र स्थलगत अनुगमन गरी त्यस्ता व्यक्ति, परिवार वा समुदायलाई एकमुष्ट पूँजीगत प्रकृतिको कामको लागि रु. पचास हजारसम्म अनुदान दिन सकिनेछ ।सो रकम नियमानुसार आवश्क प्रक्रिया पुऱ्याई भुक्तानी गरीने छ ।

**(ज) कुनै संघ/संस्था समूहबाट:-** आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने, उत्पादन तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, रोजगारी सृजना हुने, कार्यक्रमहरु संचालन गर्न पचास प्रतिशत रकम

सहभागिता जनाउने प्रतिवद्धता सहित पूँजीगत प्रकृतिको काम गर्न रु. दुई लाखसम्मको प्रस्ताव पेश गरेमा अध्यक्षले उपयुक्त ठानेमा स्वीकृत गरी कार्यक्रम संचालन गर्न सकिने छ ।

**५.आयोजना/ कार्यक्रमको फरफारक सम्बन्धी व्यवस्था ।**

दफा ४ वमोजिम छनौट भई दफा ५ बमोजिम कार्यान्वयन हुने योजना/कार्यक्रमको भुक्तानी देहायानुसार हुनेछ ।

(क) उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने आयोजना/कार्यक्रम हरुको फरफारक गर्दा वडा कार्यालयवाट कार्यक्रम सम्पन्नको सिफारिस, उपभोक्ता समितिको खर्चको सार्वजनिकीकरण तथा सार्वजनिक सुनुवाई, प्राविधिकको मूल्याङन तथा कार्यसम्पन्न प्रतिवेदन, योजना/ कार्यक्रमको काम गर्नु पूर्व, काम हुदैं गरेको र काम सम्पन्न भएको अवस्थाको स्पष्ट देखिने तस्विर, दफा ६ बमोजिमको गाउँपालिकाको अनुगमन/मुल्याङ्कन समितिको सिफारिस अनिवार्य पेश गर्नुपर्ने छ ।

**(ख)** समूह मार्फत संचालित कार्यक्रमको फरफारक तथा रकम भुक्तानी बैक मार्फत भुक्तानी गरिनेछ । भुक्तानी भन्दा अगाडि वडा कार्यालयबाट कार्यक्रम सम्पन्नको सिफारिस, समूहले गरेको कामको सम्बन्धमा सम्बन्धित समूहले खर्चको विवरण, प्राविधिकको मूल्यांकन तथा कार्यसम्पादन प्रतिवेदन लगायत सञ्चालित योजना तथा कार्यक्रमको स्पष्ट देखिने तस्विर र दफा ६ बमोजिमको अनुगमन/मूल्याङ्कन समितिको सिफारिस अनिवार्य पेश गर्नुपर्ने छ ।

(ग) एकमुष्ट अनुदान वितरण कार्यक्रमका लागि पुष्टाई गर्ने आवश्यक कागजात वा प्रमाण, दफा ६ वमोजिमको अनुगमन/मूल्याङ्कन समितिको सिफारिस, वडा कार्यालयको सिफारिस, प्राविधिक कार्यसम्पन्न तथा मूल्याङ्कन तथा प्रतिवेदन समेतको आधारमा अनुदान रकम बैंक खाता मार्फत भुक्तानी गरिने छ ।

(घ) संघ/संस्था मार्फत संचालित कार्यक्रमको रकम भूक्तानीका लागि पुष्ठ्याई गर्ने आवश्यक कागजात वा प्रमाण दफा ६ बमोजिमको अनुमगन तथा मूल्याङ्कन समितिको सिफारिस,वडा कार्यालयको सिफारिस , प्राविधिक मूल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदन समेतको आधारमा बैङ्क खाता मार्फत भुक्तानी गरिने छ।

(ङ) रु. पचास हजार भन्दा कम रकम चेक मार्फत र सो भन्दा वढी रकमको भुक्तानी उपभोक्ता समितिको बैंक खाता मार्फत गरिने छ ।

**६.अनुगमन/मूल्याकंन**

जनता संग अध्यक्ष कार्यक्रमलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न देहाय बमोजिमको अनुगमन तथा मूल्याङ्कन समिति रहने छ ।

| | |
|---|---|
| १. गाँउपालिकाको उपाध्यक्ष :- | संयोजक |
| २. प्रमुख प्रशासकीय अधिकृतः- | सदस्य |

३. सम्बन्धित वडाको वडा अध्यक्ष :- सदस्य
४. राजस्व तथा आर्थिक प्रशासन शाखा :- सदस्य
५. पूर्वाधार विकास शाखाको प्रमुख :- सदस्य
६. सम्वन्धित योजना तथा कार्यक्रम हेर्ने शाखा प्रमुखः सदस्य
७. योजना अनुगमन तथा तथ्याङ्क शाखा प्रमुखः- सदस्य सचिव

अनुगमन समितिले गरेका कामको, चौमासिक र बार्षिक प्रतिवेदन गाउँ कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने छ । अनुगमन समितिले दिएका रचनात्मक सुझाबलाई ग्रहण गर्दै जनतासँग अध्यक्ष कार्यक्रमलाई बढी जनमुखी, प्रभावकारी र पारदर्शी बनाउदै अझै बढी परिस्कृत गर्दै लगिनेछ ।

**७. संशोधन, खारेजीः-** गाउँ कार्यपालिकाले यो कार्यविधिलाई समय सापेक्ष संशोधन, परिमार्जन वा खारेज गर्न सक्ने छ ।

आज्ञाले
कमल प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत